# दशरथचन्द नगरपालीका

## बैतडी

### दशरथचन्द नगरपालीका बाल आचार संहिता

- विद्यालय उमेरका सम्पूर्ण बालबालिका नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय जानेछौ ।
- विद्यालय हाताभित्र विद्यालयको नियमको पालना गर्दै उछृङखल व्यवहार नगरी अनुशासित बन्ने छौं ।
- स्थानिय स्तरमा स्थापित बालक्लबहरुमा सक्रिय सहभागीता जनाउंदै कसैलाई कुनै पनि किसिमको भेदभाव गर्नेछैनौं ।
- विद्यालय र समुदाय स्तरमा सञ्चालीत विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागीता जनाई निर्धक्क रुपमा अफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुनेछौ ।
- बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुनेछैनौ र अन्यत्र हुन लागेमा पनि निरुत्साहित गर्नेछौ ।
- बालबालिकाका आधारभुत आवश्यकताहरु खाना, आवाश, स्वस्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बाल अधिकारबारे जानकारी राख्दै अरुलाई पनि सिकाउनेछौं ।
- विपन्न र अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्नेछौ ।
- आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा आफ्नो अभिभावकलाई सोध्नेछौं । साथै आफुसंग सम्वन्धीत पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुनेछौं ।
- गाउँ घरमा हुन लागेको तथा भइरहेको वालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरुको जानकारी सम्बन्धित संस्थालाई दिनेछौं ।
- समय तालिका अनुसार पढ्ने, लेख्ने, सुत्ने, खेल्ने र सञ्चार माध्यमको प्रयोग गर्नेछौं ।
- सुर्ती जन्य एवं मादक पदार्थको प्रयोग तथा खरिद विक्रिमा संलग्न हुनेछैनौ ।

- बालअधिकारको हनन भएको अवस्थामा देखेमा सम्वन्धित निकायमा खवर पुऱ्याउने छौं ।
- अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा फस्ने छैनौं ।
- आफु आवद्ध रहेका वा आफुलाई बालाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागी हुने छौं र बाल क्लब मार्फत बाल सहभागिता अभिबृद्धिमा पहल गर्नेछौं ।
- दिसा पिसावको लागि चर्पीको प्रयोग गर्नेछौ ।
- हात धुनु पर्ने अवस्था बुझ्ने र कार्यन्वयन गर्नेछौ ।
- पोषिलो खानेकुरा खानेछौं, भइवहिनी र साथीलाई पनि खानको लागि प्रेरित गर्नुको साथै ६ महिना सम्मको बालबालिकालाई आमाको दुध मात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउनेछौं ।
- आवश्यक परेको खण्डमा घरपरिवारको ज्येष्ठ सदस्यको अनुमति लिएर मात्र बाहिर निस्कनेछौं ।
- विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगाएतका राष्ट्रिय अभियनाहरुमा बालक्लब मार्फत सक्दो जनचेतना र सहयोग गर्नेछौं ।
- साना भाई बैनिलाई बाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकलाई प्रेरित गर्नेछौं ।
- विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगाएतका राष्ट्रिय अभियानहरुमा बालक्लब मार्फत सक्दो जनचेतना र सहयोग गर्नेछौं ।
- बालमैत्री स्थानीय शासनको प्रर्बद्धनमा बाल क्लबका सदस्यहरु परिचालन हुनेछौं ।